## वैदेशिक रोजगार बोर्ड सचिवालयको

# विशेष प्रकाशन

**श्रावण, २०७९**



सचिवालयद्वारा वैदेशिक रोजगारीमा जाने महिला श्रमिकका लागि नि:शुल्क रुपमा सञ्चालित पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पहिलो समूहका सहभागीहरुका साथ सचिवालयका कर्मचारीहरु ।

## सुरक्षित वैदेशिक रोजगारीका लागि पछिल्लो

# ४ वर्ष

(२०७५ श्रावण - २०७९ असार)

## बोर्ड सचिवालयको

# ७ महत्वपूर्ण पहलहरु



**राजन प्रसाद श्रेष्ठ**
कार्यकारी निर्देशक

### प्रकाशनबारे

कोभिड-१९ को विश्वव्यापी महामारी लगायत अन्य विविध कारण श्रृजित प्रतिकूल परिस्थितिका बावजूद पनि बोर्डको सचिवालयबाट पछिल्लो ४ वर्ष (जुन मेरो कार्यकाल पनि हो) भित्र सम्पन्न महत्वपूर्ण ७ पहलहरुले वैदेशिक रोजगारीमा संलग्न नेपाली श्रमिक तथा तिनका परिवारको हित एवं कल्याणका पक्षमा दूरगामी तथा सकारात्मक प्रभाव पार्ने विश्वास लिएको छु । यी पहलहरुमा आत्मीय साथ एवं सहयोग प्रदान गर्नु हुने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, बोर्ड सदस्यहरू, सरकारी एवं गैरसरकारी तथा सम्बद्ध निजी क्षेत्रका साथै संचारकर्मी मित्रहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

# वैदेशिक रोजगारी र नेपाल: संक्षिप्त झलक





| आ.व. | वैदेशिक रोजगारमा गएकाहरुको विवरण | | | विप्रेषण आप्रवाह रु. (अर्बमा) | जिडिपी अनुपात | मृत्यु संख्या | अंगभंग संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | | |
| ०६५/६६ | २११,३७१ | ८,५९४ | २१९,९६५ | २०९.७ | २१.२ | ७८ | ८ |
| ०६६/६७ | २८४,०३८ | १०,०५६ | २९४,०९४ | २३१.७ | १९.४ | ४२१ | १० |
| ०६७/६८ | ३४४,३०० | १०,४१६ | ३५४,७१६ | २५३.६ | १८.५ | ५६४ | ३१ |
| ०६८/६९ | ३६१,७०७ | २२,९५८ | ३८४,६६५ | ३५९.६ | २०.५ | ६४७ | ५७ |
| ०६९/७० | ४२३,१२२ | २७,७६७ | ४५०,८८९ | ४३४.६ | २२.३ | ७७२ | ९० |
| ०७०/७१ | ४९८,८४८ | २८,९६६ | ५२७,८१४ | ५४३ | २४.३ | ८७७ | ११६ |
| ०७१/७२ | ४७७,६९० | २१,४१२ | ४९९,१०२ | ६१७ | २५.५ | १००६ | १८४ |
| ०७२/७३ | ३८४,७९७ | १८,३७७ | ४०३,१७४ | ६६५ | २५.५ | ८२६ | ११७ |
| ०७३/७४ | ३६३,३०४ | २०,१८९ | ३८३,४९३ | ६९५ | २२.६ | ७५८ | २०४ |
| ०७४/७५ | ३३१,६६५ | २२,४१७ | ३५४,०८२ | ७५५ | २१.९ | ८२६ | ३६१ |
| ०७५/७६ | २१५,६३० | २०,५७८ | २३६,२०८ | ८७९.३ | २२.८ | ७६३ | ३५४ |
| ०७६/७७ | १७२,२४७ | १८,२०६ | १९०,४५३ | ८७५ | २२.४ | ६७२ | २०५ |
| ०७७/७८ | ६४,९०३ | ७,१७८ | ७२,०८१ | ९६१.१ | २२.५ | १२४३ | १४३ |
| ०७८/७९ | ५८०,९६९ | ४९,१२८ | ६३०,०९७ | ९८६ | - | १४७९ | २४५ |
| कूल | ४,७१४,५९१ | २८६,२४२ | ५,०००,८३३ | ८,४६६ | | १०,९३२ | २,१२५ |


*नोट : वैदेशिक रोजगारमा गएकाहरुको संख्या पुन: श्रम स्वीकृति बाहेकको हो । प्रस्तुत तथ्यांक वैदेशिक रोजगार बोर्डको स्थापना पछिको मात्र रहेकोले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनेको कूल संख्या उल्लेखित संख्याभन्दा बढी रहेको छ। स्रोत: वैदेशिक रोजगार विभाग, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक।*

## पहल १ अनलाईन प्रणालीबाट सेवा प्रवाह



**FOREIGN EMPLOYMENT WELFARE INFORMATION MANAGEMENT SYSTEM (http://fewims.feb.gov.np/)**

### सुरक्षा, राहत तथा उद्धारसम्बन्धी सेवाहरु अब अनलाईनबाट




# पछिल्लो ४ वर्ष : सुरक्षा, राहत तथा उद्धारसम्बन्धी सेवाहरु



मृतकका हकवालालाई आर्थिक सहायता वापत कूल रु २ अर्ब ४१ करोड ९० लाख १५ हजार भुक्तानी गरिएको




अलपत्र शव झिकाउने कार्यका लागि कूल रु ३ करोड ९७ लाख ५० हजार खर्च भएको




निशुल्क शव ढुवानी सेवाका लागि कूल रु ७ करोड ४२ लाख ६१ हजार खर्च भएको





नियोगहरुमा सेल्टर हाउसको स्तरोन्नति र जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापन सहयोग

जेलमा परेकाहरुका लागि कानुनी प्रतिरक्षा सहायता कार्यको शुरुवात

कोमाका विरामीलाई नेपाल ल्याई उपचार सहयोग कार्यको शुरुवात

अंगभंग तथा गम्भिर विरामीलाई क्षतिपूर्ति वापत कूल रु ३१ करोड ९ लाख १० हजार प्रदान गरिएको




उद्धार, खोजतलास तथा स्वदेश फिर्ता कूल रु २ करोड ८१ लाख ४५ हजार खर्च गरिएको




**मृत्यु वा पूर्ण अशक्त भएका श्रमिकका छात्र ४,६०४ र छात्रा ४,२९७ गरी कूल ८,९०१ जना बालबालिकालाई छात्रवृत्ति सहयोग वापत कूल रु ७ करोड ५३ लाख ५० हजार प्रदान गरिएको**



**२,८०८ जना महिलाहरुलाई अभिमुखिकरण तालिम शुल्क वापत रु. ७०० का दरले कूल रु १९ लाख ६५ हजार ६ सय शोधभर्ना गरिएको**




# पहल २ श्रमिकको क्षमता अभिवृद्धि



## (क) नतिजामुखी पूर्व प्रस्थान अभिमुखीकरण तालिमका लागि पहल

- देशगत जानकारी श्रव्य/दृश्यात्मक विधिबाट दिने गरी अभिमुखीकरण तालिम पाठ्यक्रममा परिमार्जन।
- अभिमुखीकरण तालिमसम्बन्धी कार्यविधिमा समसामियक संशोधन तथा परिमार्जन।
- परिमार्जित पाठ्यक्रममा आधारित प्रशिक्षक मार्गदर्शनको तर्जुमा तथा कार्यान्वयन।




- सचिवालयको व्यवस्थापनमा महिलाहरुका लागि नमूनाको रुपमा पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालन गर्ने कार्यको शुभारम्भ गरिएको।



- देशगत जानकारी पुस्तिका तथा श्रव्य/दृश्य सामग्रीहरूको निर्माण तथा वितरण।
- संशोधित पाठ्यक्रममा १९८ जना प्रशिक्षकहरुलाई पुनर्ताजगी तालिम सञ्चालन तथा पूर्व प्रस्थान अभिमुखीकरण तालिमका लागि प्रदेशगत रूपमा प्रशिक्षक प्रशिक्षण मार्फत १४९ जना प्रशिक्षकहरू निर्माण गरी परिचालन गरिएको।



## (ख) निशुल्क व्यवसायिक सीपमूलक तालिम

- गन्तव्य मुलुकमा बढी माग हुने विभिन्न १८ व्यवसायिक सीपमूलक विषयहरूलाई राष्ट्रियस्तरमा तह–१ को मान्यता हुने गरी पाठ्यक्रम निर्माण तथा शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याईएको।
- व्यवसायिक सीपमूलक तालिमलाई थप व्यवहारिक बनाउने उद्देश्यले नयाँ कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको।
- सीप तालिममा सहभागी भएका र वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई लक्षित गरी राष्ट्रिय सीप परीक्षण बोर्डसँगको सहकार्यमा पहिलो पटक निशुल्क सीप परीक्षणको शुरुआत गरिएको।
- निशुल्क सीप तालिममा सहभागीहरूलाई वित्तीय साक्षरताबारे थप दुई दिन तालिम दिने कार्य समेत शुरु गरिएको ।



- CTEVT अन्तर्गत आंगिक शिक्षालयहरु मार्फत् सातै प्रदेशहरूमा स्थानीय तहको मागका आधारमा निशुल्क व्यवसायीक सीपमूलक तालिम कार्यक्रम सञ्चालनमा ल्याईएको ।
- कोभिड–१९ को कारण अपेक्षित रूपमा निशुल्क तालिम सञ्चालनमा समस्या भए तापनि पछिल्लो ४ वर्षभित्र १०,६६२ जनाले निशुल्क व्यवसायिक सीपमूलक तालिममा सहभागी भए ।
- Training Information Management System (TMIS) Software को निर्माण गरी निशुल्क सीपमूलक तालिममा सहभागीहरूको विवरण राख्ने कार्यको थालनी गरिएको ।






## पहल ३ सामाजिक सुरक्षामा आबद्धताको थालनी

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा संलग्न नेपाली श्रमिकहरूलाई वैधानिक तवरबाट रोजगार मुलुकमा कार्यरत रहँदा सम्बद्ध राष्ट्र तथा रोजगारदातालाई श्रमिकको सामाजिक सुरक्षाका लागि जिम्मेवार बनाउने उद्देश्यले रोजगार मुलुकसँग श्रमिकको सामाजिक सुरक्षा सम्बन्धमा दुई पक्षीय सम्झौता गर्ने कार्यको थालनी भएको छ । यसको शुरुआत फेब्रुअरी १६, २०२१ मा मलेसिया सरकार अन्तर्गतको सामाजिक सुरक्षा संगठन (SOCSO) र वैदेशिक रोजगार बोर्ड सचिवालयबीच Memorandum of Cooperation (MoC) सम्झौताबाट भएको छ ।

## पहल ४ सामाजिक तथा आर्थिक पुन: एकीकरणको थालनी

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशिलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुन:एकीकरण गर्ने उद्देश्यले स्थानीय तहसँगको सहकार्यमा तथा सम्बद्ध सबै सरोकारवालाहरुसँगको समन्वयमा पुन: एकीकरण कार्यक्रम सञ्चालनमा ल्याएको छ ।
- पुन: एकीकरण कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७९/३/२१ गते को बैठकले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ स्वीकृत भै कार्यान्वयनमा ल्याएको छ ।
- वैदेशिक रोजगार बोर्डबाट आ.व. २०७९/०८० को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा पुन:एकीकरण कार्यक्रमको व्यवस्था गरी कार्यान्वयनमा ल्याईएको छ ।
- वैदेशिक रोजगार बोर्ड सचिवालयको तर्फबाट अघिल्ला आ.व. हरूमा नमूना परीक्षणको रूपमा पुन:एकीकरण कार्यक्रमसँग सम्बन्धित निशुल्क सीप तालिम, सीप परीक्षण, वित्तीय साक्षरता, सहुलियतपूर्ण कर्जाका लागि सहजीकरण जस्ता क्रियाकलापहरू सञ्चालनमा ल्याएका थिए । निर्देशिकाको स्वीकृती पश्चात् पहिलो पटक बोर्ड सचिवालयको तर्फबाट वैदेशिक रोजगारीबाट फर्किएका नेपाली श्रमिक लक्षित सामाजिक तथा आर्थिक पुन: एकीकरण कार्यक्रम कार्यान्वयनमा ल्याईएको हो ।
- पुन:एकीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले बोर्ड सचिवालयलेआफ्नो वेवसाईटमा **"रोजगार विनिमय बजार"** नामक अनलाईन जब पोर्टल सञ्चालनमा ल्याएको छ । यसको (**http://jobs.feb.gov.np/**) प्रयोग गरी बोर्डबाट सञ्चालित निशुल्क सीप तालिममा सहभागीहरुको विवरण हेर्न, सीपयुक्त जनशक्तिले स्वदेश तथा विदेशस्थित श्रम बजारमा उपलब्ध भएका रोजगारीका अवसरहरूको खोजी गर्न र रोजगारदाताहरुले समेत रोजगारको अवसरबारे सूचना समावेश गरी आफूलाई चाहिने सीपयुक्त जनशक्तीको खोजी तथा सम्पर्क गर्न सकिने गरी साझा मञ्चको रुपमा यो पोर्टल सञ्चालनमा ल्याएको हो ।




## पहल ५ नि:शुल्क सूचना तथा परामर्श सेवा

### (क) सूचना तथा परामर्श केन्द्र सञ्चालन र व्यवस्थापन






- वैदेशिक रोजगारीका आकांक्षी एवं तयारीमा लागेका युवाहरूलाई लक्षित गरी स्थानीय तहमा नै सुरक्षित वैदेशिक रोजगारीबारे सूचना तथा परामर्श सेवा प्रवाह भैरहेकोमा त्यस्ता सेवाहरूलाई थप व्यवस्थित एवं एकरुपता कायम गर्ने उद्देश्यले आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत भै कार्यान्वयनमा ल्याईएको छ।
- बोर्ड सचिवालयको अगुवाईमा सूचना तथा परामर्श सेवालाई सबै स्थानीय तहमा एकरूपले प्रवाह गर्ने एवं सचिवालयसँग सहकार्यमा रहेका स्रोत केन्द्रको संस्थागत क्षमता अभिवृद्धी गर्ने उद्देश्यले सचिवालय मातहत राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याईएको छ।
- यस्तै गरी काठमाडौं तथा भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थल र राहदानी विभागमा समेत वैदेशिक रोजगारीमा जानेहरूका लागि सूचना तथा सहायता कक्ष सञ्चालनमा ल्याईएको छ।

### (ख) कल सेन्टर सेवा



- वैदेशिक रोजगारसम्बन्धी सूचना, गुनासो एवं सुझाव संकलन गर्ने उद्देश्यले मिति २०७५ चैत्र १८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयभित्र स्थापना गरी सञ्चालनमा ल्याइएको श्रम कल सेन्टरले २४ सै घण्टा सेवा प्रदान गर्दै आइरहेको छ।
- स्थापनाकालदेखि २०७८ असार मसान्तसम्म ४२,७३० जनाले कल सेन्टरमा सम्पर्क गरी सूचना माग गरेको वा गुनासो टिपाएका छन्।

### (ग) साप्ताहिक रेडियो तथा टेलिभिजन कार्यक्रम





- सुरक्षित वैदेशिक रोजगारी, व्यवसायिक सीपमूलक तालिम प्रवर्द्धन, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकले स्वेदशमा हासिल गरेका सफलताका कथा लगायतका विषयवस्तुहरू र समग्रमा मन्त्रालय र मातहतका निकायहरूबाट सम्पादित साप्ताहिक गतिविधिहरू समेटेर नेपाल टेलिभिजन तथा रेडियो नेपालबाट नियमित रूपमा कार्यक्रम प्रशारण गरिएका थिए।

- पछिल्लो पटक नेपाल टेलिभिजनले साप्ताहिक नियमित रूपमा केन्द्रीय प्रशारणका अतिरिक्त ईटहरी र कोहलपुरबाट समेत कार्यक्रम प्रशारण गरेका थिए भने नेपाल टेलिभिजनको यूट्यूबबाट समेत संप्रेषण गरेका थिए । यस्तैगरी, रेडियो नेपालबाट पनि केन्द्रीय प्रशारण बाहेक बर्दिबासबाट मैथली भाषामा समेत अतिरिक्त प्रशारण गरिएका थिए । पछिल्लो ४ वर्ष अवधिमा नेपाल टेलिभिजनले "रोजगार हाम्रो सरोकार" कार्यक्रम १७० भाग प्रशारण गरेका थिए भने रेडियो नेपालबाट पनि "वैदेशिक रोजगारी" रेडियो कार्यक्रम १६० श्रृङ्खला प्रशारण भएका थिए ।
- यसका अतिरिक्त अन्य एफ.एम. रेडियो तथा टेलिभिनजहरूबाट समेत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धमा सचेतनामूलक सूचना सामग्रीहरू नियमित रूपमा र प्रभावकारी ढङ्गबाट स्थानीय भाषामा प्रशारण गरिएको थियो ।







## (घ) प्रकाशनहरू, बोर्डको वेवसाईट, सामाजिक सञ्जालको प्रयोग





























## पहल ६ नयाँ कानुनहरुको तर्जुमा र कार्यान्वयन

| क्र.सं | नियम/कानुनहरू |
|---|---|
| १ | वैदेशिक रोजगार नियमावली, २०६४ (पाचौं संशोधन, कार्यान्वयन भैरहेको) |
| २ | वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको कानूनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५ (संशोधनको पहल) |
| ३ | कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपाली कामदारको उद्धार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ४ | वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको लागि पुन:एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ५ | वैदेशिक रोजगार बोर्ड सचिवालयको दैनिक कार्यसञ्चालन निर्देशिका, २०७९ (नयाँ, मन्त्रालयमा पेश गरिएको) |
| ६ | रोजगारमुलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ७ | कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ८ | कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) निक्षेप लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७५ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ९ | अभिमुखिकरण तालिम सञ्चालन कार्यविधि, २०७६ (नयाँ, कार्यान्वयन भैरहेको) |
| १० | वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (नयाँ, कार्यान्वयन भैरहेको) |
| ११ | आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (नयाँ, कार्यान्वयन भैरहेको) |

## पहल ७ थप नविन कार्यहरु

- सेवाग्राहीहरुको सरल र सहज पहुँच हुने गरी वैदेशिक रोजगार बोर्डको सचिवालय नयाँ बानेश्वरबाट बबरमहल स्थानान्तरण गरी सेवा प्रवाह गरिएको ।
- कल्याणकारी कोषबाट मितव्ययी रूपमा स्रोतको परिचालन गरिएको ।
- बेरुजू फछर्यौटमा महत्वपूर्ण उपलब्धी ।
- कोमा लगायत गम्भीर प्रकृतिका बिरामीको उद्धार गरी स्वदेश ल्याउने र स्वास्थ्य उपचारमा सहयोग उपलब्ध गराउने कार्यको थालनी भएको ।
- वैदेशिक रोजगारीको क्रममा फौजदारी अभियोगमा जेल सजाय भएका नेपाली श्रमिकहरुका लागि कानुनी प्रतिरक्षा सहयोग उपलब्ध गराउने कार्यको थालनी भएको ।